अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।१५ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

जिल्ला कैलाली, भन्सार कार्यालय टीकापुरका एजेन्टका सहयोगी राम बहादुर साउदले भारतबाट सामान ल्याउने नेपाली ब्यपारीको पूर्ण भन्सार महसुल काटी सोको रसिद उपलब्ध गराई सकेपछि पनि भन्सार छुट गराई दिएको भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले सेवाग्राहीसँग रू.१५,०००/- (पन्ध्र हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा निजलाई उक्त घुस रकम सहित टीकापुर भन्सार कार्यालय खक्रौलाबाट मिति २०७६।०२।१४ गते नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता